**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**बालुवाटार, काठमाण्डौंको**

**“२०७२ सालको कार्यालय पात्रो (क्यालेण्डर)” र “६० औं वार्षिकोत्वस समाचार विशेषाङ्क” छपाई गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७१/१०/१९)**

दरभाउपत्र नं : “GSD/AU/SQ/04/71/72 & GSD/AU/SQ/05/71/72”

यस बैंकको लागि विक्रम सम्वत् २०७२ सालको कार्यालय पात्रो (GSD/AU/SQ/04/71/72) र ६० औं वार्षिकोत्वसको उपलक्ष्यमा नेपाल राष्ट्र बैंक समाचार विशेषाङ्क (GSD/AU/SQ/05/71/72) छपाई गर्नु पर्ने भएकोले ईच्छुक रजिष्टर्ड फर्म, संस्था वा कम्पनीबाट यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन (मिति २०७१/११/०४ गते दिनको ४.०० बजे) सम्म दरभाउपत्र फाराम सामान्य सेवा विभागको आन्तरिक प्रशासन फाँटबाट रु. ५००।- (अक्षरेपि पांच सय मात्र पछि फिर्ता नहुने) कार्यालय पात्रो र समाचार विशेषाङ्कको लागि छुट्टाछुट्टै रुपमा तिरी खरिद गर्न सकिनेछ । दरभाउपत्र मिति २०७१/११/०६ गते (सो दिन सर्वजनिक विदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) दिनको १२.०० बजे भित्र सामान्य सेवा विभागमा आईपुग्ने गरी पेश गर्न सकिनेछ । दरभाउपत्र सोही दिन अपरान्ह ३.०० वजे खोलिनेछ ।

दरभाउपत्रदाताले दरभाउपत्र जमानत बापत २०७२ सालको कार्यालय पात्रोको लागि रु.३८,०००।- (अक्षरेपी अड्तीस हजार मात्र) र ६० औं वार्षिकोत्सव समाचार विशेषाङ्कको लागि रु.१७,०००।- (अक्षरेपी सत्र हजार मात्र) छुट्टाछुट्टै रुपमा बैंकको थापाथली स्थित खाता नं ११०९०१/०११.०००.५२४ मा नगदै जम्मा गरेको सक्कल भौचर (भौचरको पछाडि २०७२ सालको कार्यालय पात्रो/६० औं वार्षिकोत्सव समाचार विशेषाङ्क छपाई गर्ने वारे लेखी अनिवार्य रुपमा फर्म, संस्था वा कम्पनीको नाम खुलाई दस्तखत र छाप लगाउनु पर्नेछ) वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिन मान्य अवधि भएको यस बैंकबाट ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी गरिएको बैंक जमानतपत्र (छुट्टाछुट्टै) संलग्न गर्नु पर्नेछ । दरभाउपत्र सम्वन्धी सम्पूर्ण शर्त तथा विवरणहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन । साथै यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा समेत हेर्न सकिने छ ।

सामान्य सेवा विभाग
बालुवाटार